# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६१७ मिति :- २०७१/४/१९

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” वर्ग तथा राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- नगद परिवर्त्य विदेशी मुद्रा सटही गर्ने सम्बन्धमा ।

महाशय,

नेपाली नागरिकहरूले आफ्नो पहिचान खुल्ने प्रमाण सहित नगद परिवर्त्य विदेशी मुद्रा सटहीको लागि अनुरोध गरेमा प्रचलित विनिमय दरमा सटही गरि दिन देहाय बमोजिमको व्यबस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. यस्तो सटही गर्दा एक पटकमा अमेरिकी डलर ३,०००।- (तीन हजार) वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा मात्र सटही गर्न सकिनेछ ।

२. सटही गर्न ल्याउने व्यक्तिसंग संलग्न नमूना बमोजिमको निवेदन लिनु पर्नेछ ।

३. निवेदन साथ सम्वन्धित व्यक्तिको पहिचान खुल्ने प्रमाणको रुपमा नागरिकताको प्रमाणपत्र वा नेपाल सरकारको कुनै निकाय वा रोजगारदाता निकायले जारी गरेको फोटो सहितको परिचय पत्रको स्वयं प्रमाणित प्रतिलिपि समेत लिनु पर्नेछ ।

४. विदेशी मुद्रा सटही गरेको प्रमाण स्वरुप अन्य किसिमको रसिद वा FEER (Foreign Exchange Encashment Receipt) अनिवार्य रुपमा जारी गरी विदेशी मुद्राको खरिद अभिलेखमा समेत देखाइ नेपाली रुपैयामा मात्र भुक्तानी गर्नु पर्नेछ ।

५. यस्तो विदेशी मुद्राबाट सम्वन्धित व्यक्तिको विदेशी मुद्रा खाता खोल्न वा भैरहेको त्यस्तो खातामा जम्मा गर्न मिल्ने छैन ।

६. यसरी सटही गरेको परिवर्त्य विदेशी मुद्राको नोट पहिचान गर्ने तथा पछि जाली (Counterfeit) ठहरिएमा सम्वन्धित व्यक्तिसंग सोधभर्ना गराउने दायित्व र जिम्मेवारी सटही गरिदिने निकायकै हुनेछ ।

क्रमशः

७. सटही गरेको विदेशी मुद्राको नोट जाली (Counterfeit) ठहरिएको आधारमा सम्वन्धित पक्षसंग रकम फिर्ता लिनु परेमा भुक्तानी दिएको रकम भन्दा बढी हुने गरी फिर्ता लिन पाइने छैन ।

८. यस्तो सटही कारोवार गर्दा कुनै व्यक्तिको कारोवार शंकास्पद देखिएमा प्रचलित व्यबस्था बमोजिम नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा जानकारी गराउनु पर्नेछ ।

यस बैंकबाट मिति २०६८/०४/२२ मा जारी इ.प्रा.परिपत्र संख्याः ५६१ खारेज गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
५ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७ श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण बिभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल बिकास बैंक संघ, काठमाण्डौ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।

(इ.प्रा. परिपत्र संख्याः ६१७ को दफा २ बमोजिमको प्रयोजनको लागि )

(श्री बैंक वित्तीय/ संस्था)

(ठेगाना)

**विषयः विदेशी मुद्रा सटही गरि दिने ।**

महाशय,

मलाई देहाय बमोजिम विदेशी मुद्रा प्राप्त भएकोले नियमानुसार सटही गरि दिनु हुन आफनो पहिचान खुल्ने परिचय पत्रको प्रतिलिपि समेत संलग्न गरी अनुरोध गरेको छु । उक्त विदेशी मुद्रा नक्कली ठहरिएमा सटही लिएको रकम फिर्ता बुझाउने छु ।

| विदेशी मुद्राको किसिम | नोटको नम्वर | दर | प्राप्त प्रयोजन | प्राप्त श्रोत |
|---|---|---|---|---|

भबदीय

दस्तखतः

पूरा नामः

ठेगानाः

फो नं.

मोवाइल नं.

परिचय पत्रको किसिमः

परिचय पत्रको नम्वरः